हिमा गाउँपालिका गाउँसभाको २०औं अधिवेशनमा

उपाध्यक्ष सुर्पना शाहीज्यूद्धारा प्रस्तुत

# आर्थिक वर्ष २०८३/०८४ को नीति बजेट तथा कार्यक्रम

२०८३ असार १० गते

सभाध्यक्ष महोदय,
सभाका सदस्यज्यूहरु,

१. हिमा गाउँपालिका गाउँसभाको २० औं अधिवेशनको बैठक लाई सम्बोधन गरिरहदा गौरवान्वित भएको छु, यस अवसरमा लोकतन्त्र,गणतन्त्र, सङ्घीयता, सामाजिक न्याय नागरिक अधिकार र सुशासन स्थापनाका लागि भएका विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने तमाम ज्ञात, अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै भाद्र २३ र २४ गते देशभर भएको नयाँ पुस्ताको प्रर्दशन लगायत आन्दोलनमा योगदान पुर्‍याउनुहुने सम्पूर्ण अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । साथै यस गाउँपालिकाका संस्थापक अध्यक्ष स्वर्गीय रज बहादुर शाहीलाई पनि स्मरण गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

२. हिमा सरकार आगामी आर्थिक वर्षमा सुशासन, प्रभावकारी सेवा प्रवाह उत्पादन र उत्पादकत्व अभिबृद्धि नवप्रवर्द्धन रोजगारी श्रृजना समावेशी, सामाजिक न्याय, दिगो पूर्वाधार निर्माण, मानव विकास र वातावरण संरक्षण लाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्न प्रतिबद्ध रहेको छ।

३. हिमा गाउँपालिकाको समग्र विकासलाई दिगो समावेशी सन्तुलित र भरपर्दो बनाउदै **"विकासका सम्पूर्ण पुर्वाधारहरुको मूल आधार, हिमा गाउँवासीको सुखि, खुसी र सम्वृद्धिको सपना पार्नुछ साकार"** को लक्ष्य हासिल गर्न यस गाउँपालिका दृढता पूर्वक अगाडी बढेको छ।

४. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन,ले परिकल्पना गरेको स्थानीय सरकारको एकल एवंम सङ्घीय र प्रादेशिक सरकारको साझेदारीमा गर्नुपर्ने साझा अधिकारका विषयहरु तथा यस गाउँपालिकाका प्राथमिकतामा रहेका विषयहरुलाई समावेश गरी कार्यान्वयन गर्ने उद्देश्यका साथ गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ **को नीति तथा कार्यक्रम** पेश गरेको छु।



CamScanner

सभाध्यक्ष महोदय,

गाउँसभा सदस्यज्यूहरु,

५. "म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य" घर, टोल, वस्ती र समुदायमा स्वास्थ्य कार्यक्रमलाई प्रवर्द्धन गर्दै अन्य कार्यक्रमहरुलाई निरन्तरता दिदै स्वास्थ्यसँग सम्बन्धित अन्य कार्यक्रमहरुलाई आगामी वर्षहरुमा निरन्तरता दिईनेछ।

६. मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा, न्यानो झोला, सुरक्षित निःशुल्क गर्भपतन नवजात शिशुको उपचार अन्तर्गत मातृ तथा नवशिशु कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।

७. प्राथमिक स्वास्थ्य केन्द्र कालिकाखेतुको स्तरोन्नती गर्नुका साथै आगामी आर्थिक वर्ष गाउँपालिकामा रहेका अन्य स्वास्थ्य संस्थाहरुको सुदृढीकरणमा जोड दिइनेछ। कालिकाखेतुमा फार्मेसी सञ्चालनको लगि अध्ययन गरी फार्मेसी सञ्चालनमा ल्याईनेछ साथै प्रयोगशालाको स्तरोन्ती गरिनेछ।

८. सुत्केरी महिलाहरुको लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लासम्म हिमा गाउँपालिका बाट जानका लागि मात्र निःशुल्क एम्बुलेन्स सेवा सञ्चालनलाई निरन्तरता दिईनेछ।

९. वर्थिङ्ग सेन्टरहरुको स्तरोन्ती गर्नुका साथै आवश्यक स्वास्थ उपकरणहरुको व्यवस्था मिलाईनेछ।

१०. एम्बुलेन्स सञ्चालन कार्यविधि थप परिष्कृत गर्दै एम्बुलेन्स सञ्चालन कार्यलाई प्रभावकारी बनाइनेछ।

११. बर्थिङ्ग सेन्टरमा कार्यरत स्वास्थ्य कर्मीहरुलाई उचित तालिमको व्यवस्था मिलाइनेछ।

१२. प्रत्येक स्वास्थ्य कर्मीहरुको बार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा बार्षिकरुपमा एकजना उत्कृष्ट स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयं सेविकालाई सम्मान तथा पुरस्कृत गरिनेछ।

१३. सम्पूर्ण स्वास्थ्य कर्मीहरुलाई कार्य विवरण उपलब्ध गराई आवश्यकता अनुसार जिम्मेवारी तोकिनेछ।

१४. प्राथमिक स्वास्थ्य केन्द्रबाट Teli-medicine को व्यवस्था मिलाइनेछ ।

१५. पालिका स्तरीय स्वास्थ्य सम्ब्रन्धी क्यालेन्डर निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

१६. स्वास्थ्य संस्थाहरुको सामाजिक लेखापरिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

१७. आधारभूत एवंम आकस्मिक स्वास्थ्य सेवाको लागि स्वास्थ्य संस्थामा प्रयाप्त मात्रमा औषधीको व्यवस्था मिलाईनेछ।

१८. स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि PAMS V2 सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१९. क्षयरोग जोखिम समूह तथा स्वास्थ्य सेवाको पहुँच कम भएका समुदायमा सक्रिय खोज पुडताल तथा विरामीका घरपरिवारका सदस्यहरुको सम्पर्क परीक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२०. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको स्वास्थ्य संरक्षणको लागि घरदैलो स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरिनेछ।

२१. मानसिक स्वास्थ्य सम्बन्धी परामर्श तथा मानसिक जनचेतना फैलाउदै आत्महत्या न्यूनीकरण तथा मनोसामाजिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

२२. महामारी तथा विपद्को समयमा आपतकालीन स्वास्थ्य सेवा व्यवस्थापन गरिनेछ।

२३. प्रत्येक घरमा **एक घर, एक धारा, एक शौचालय** कार्यक्रमलाई निरन्तरता दिईनेछ । साथै सम्पूर्ण नागरिक लाई स्वच्छ खानेपानी उपलब्ध गराइनेछ।

२४. खोपबाट रोकथाम गर्न सकिने रोगहरुको पहिचान गरी पूर्ण खोप सुनिश्चित पालिकाको अवधारणालाई अगाडी बढाइनेछ।

२५. सुत्केरी महिलालाई उपाध्यक्षसँग कोशेली कार्यक्रम सञ्चालन गर्न निरन्तरता दिईनेछ।

२६. नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन तथा नियमित योग शिविर एवंम सार्वजनिक स्थानमा शारीरिक व्यायमशाला कार्यक्रम सञ्चालन गरिनेछ।

२७. फोहोरमैला व्यवस्थापन कार्यलाई व्यवस्थित गर्न वडा/टोल वस्तीहरुमा स्वास्थ्य तथा सरसफाईका कार्यक्रम सञ्चालन गर्न युवा क्लव, महिला संजाल, आमा समूह, सरसफाई तथा स्वच्छता समिति तथा बजार एवंम टोल सुधार समिति गठन गरी व्यापक परिचालन गर्नुका साथै हिमा गाउँपालिका लाई पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणा गरिनेछ।

२८. सुनौला हजार दिनका विपन्न आमाहरुलाई पोषण कोशेली वितरण तथा आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्नुका साथै स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गर्ने व्यवस्था मिलाईनेछ।

२९. हिमा गाउँपालिकालाई पूर्ण खोप घोषणा तथा खोप दिगोपना सुनिश्चित कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३०. यस गाउँपालिकालाई आ.ब. २०८३/०८४ मा पोषणमैत्री गाउँपालिका घोषणा गरिनेछ।



CamScanner

**सभाध्यक्ष महोदय,**

**गाउँसभा सदस्यज्यूहरु,**

३१. *हिमा आवाशीय विद्यालयलाई* संस्थागत गर्दै स्तरोन्तीका लागि निरन्तरता दिदै गरिब, अनाथ तथा टुहुरा बालवालिकाहरुलाई सुव्यवस्थित रुपमा अध्ययन गर्ने व्यवस्था मिलाइनेछ।

३२. **गुणस्तरीय, प्राविधिक तथा प्रतिस्प्रर्धी शिक्षाको** नारा लाई आत्मसाथ गर्दै यस गाउँपालिकामा रहेका शिक्षण संस्थाहरुमा गुणस्तरीय शिक्षा प्रदान गर्न विषयगत शिक्षकहरुलाई शैक्षिक तालिम र गोष्ठी सञ्चालन गरिनुका साथै लोक सेवा, शिक्षा सेवा र अन्य आयोग मार्फत अधिकृत वा सो भन्दा माथिका पदधारण गर्ने विशिष्ट व्यक्तिहरुलाई विशेष सम्मान गरिने व्यवस्था मिलाईनेछ।

३३. विभिन्न मितिमा गाउँपालिका अध्यक्षज्यूको अध्यक्षतामा बसेको गाउँ शिक्षा समिति, सम्पूर्ण सामुदायिक विद्यालयका प्रधानाध्यापक, वि.व्या.स. अध्यक्ष, शिक्षा शाखा बीच बसेको संयूक्त वैठकले गरेको निर्णयलाई कार्यान्वयनमा ल्याइनेछ।

३४. गरिव तथा जेहेन्दार विद्यार्थिहरुलाई उच्च शिक्षा अध्ययनका लागि विशेष छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ।

३५. अन्तर विद्यालय, अन्तर पालिका,अन्तर जिल्ला लगायतमा हुने विविध प्रतिस्पर्धा उत्कृष्टता नतिजा हासिल गर्नका लागि सामुदायिक विद्यालयमा रहेका विद्यार्थीहरुको क्षमता अभिबृद्धि गर्ने उद्देश्यका साथ प्रत्येक वर्ष मनाउदै आएको **पढाईमेला कार्यक्रम**लाई निरन्तरता दिइनेछ।

३६. विद्यार्थीसँग अध्यक्ष कार्यक्रम मार्फत विभिन्न शैक्षिक सुधार, शैक्षिक भ्रमण कार्यक्रम सञ्चालनमा ल्याईनेछन साथै विद्यार्थी सँग शैक्षिक बहस कार्यक्रम लाई निरन्तरता दिईनेछ।

३७. बाल विवाह मुक्त गाउँपालिका घोषणा भईसकेकोले बहुविवाह घरेलु हिंसा, छाउपडी प्रथा तथा छुवाछुत प्रथा लगाएत अन्य कुरुतीहरुको न्यूंनीकरणका लागि उपाध्यक्ष सँग जनचेतना मुलक कार्यक्रम विद्यालय तथा वस्ती स्तरमा व्यापकरुपमा सञ्चालन गरिने व्यवस्था मिलाईनेछ।

३८. सम्पूर्ण विद्यालयमा हुने शैक्षिक गतिविधिहरु लाई व्यवस्थित गर्नको लागि शैक्षिक क्यालेण्डर बनाई लागु गर्नुका साथै विद्यार्थी सङ्ख्या भूगोल एवंम आवश्यकता लाई मध्यनजर गर्दै शिक्षक अनुदानलाई कार्यविधि बनाई थप व्यवस्थित गरिनेछ।

३९. आगामी आर्थिक बर्ष यस गाउँपालिकामा रहेका सम्पूर्ण विद्यालयहरुको विस्तृत भौतिक पूर्वाधार सर्भेक्षण तथा प्रतिवेदन तयार गर्दै विद्युतीय हाजिर, कम्प्यूटर, आईसिटी एवंम साइन्स ल्याव समार्ट वोर्ड, सिसि टिभी लगायतका विद्युतीय उपकरणमैत्री विद्यालय, क्रमशः स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ।

४०. विद्यालयमा हुने लेखापरिक्षणमा एकरुपता ल्याउनका लागि पालिकाबाट लेखा परिक्षण सम्बन्धि कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ।

४१. उमेर पुगेका तर विद्यालय बाहिर रहेका बालबालिकालाई लक्षित गरी विद्यालय भर्ना अभियानलाई व्यापक गर्दै सतप्रतिशत बालबालिका विद्यालयको पहुँचमा पुऱ्यानुको साथै, SEE दिने विद्यार्थीहरुको नतिजामा सुधार ल्याउनका लागि SEE Coaching कक्षाको व्यवस्थालाई थप व्यवस्थित गर्दै उक्त कार्यक्रमलाई निरन्तरता दिईनेछ

४२. उत्कृष्ट विद्यालय,शिक्षक एवंम विद्यार्थी प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिदै थप परिष्कृत गरिनेछ।

४३. ***'अर्गानिक वाली संरक्षण अभियान कार्यक्रम'*** लाई निरन्तरता दिदै प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम तथा उत्पादनहरुमा विषादीको प्रयोगलाई निषेधित गरि जैविक खेतीलाई प्रोत्साहन गरिनेछ।

४४. परम्परागत खेती प्रणालीलाई संरक्षण र प्रवर्द्धन, गर्नका लागि स्थानीय कोदो, फापर, जुम्लीमार्सी धान, ढँटेलो जस्ता रैथाने वाली लगाउने कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ .।

४५. वडा नं. १ लाई धान पकेट क्षेत्र, आचार्यलिहीलाई तरकारी पकेट क्षेत्र, वडा नं. २ को ओदी लाई आलु र लसुन पकेट क्षेत्र, वडा नं. ३ लाई स्याउ ओखर, सिमी र फलफुल पकेट क्षेत्र, वडा नं. ४ र ७ लाई गहुँ पकेट क्षेत्र, वडा नं. ६ को पाथरखोलालाई मौरी पकेट क्षेत्र, वडा नं. ५ को बुअ, वाजागाडालाई, भेडा, सिमी, स्याउ पकेट क्षेत्र विकास गरी गरिवीको रेखामुनी रहेका वेरोजगार यूवालाई उत्पादनशिल कार्यक्रममा आवद्ध गर्ने व्यवस्था मिलाईनेछ।

४६. फलफुल नर्सरी धनीका लागि बेर्ना उत्पादन प्रोत्साहन कार्यक्रम सञ्चाल गर्नुका साथै **"एक घर एक स्याउको बगैचा"** कार्यक्रम कार्यान्वयनका लागि विस्तृतरुपमा अध्ययन गरी स्याउ विकास प्रवर्द्धन कार्यक्रमलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयनमा ल्याइनेछ।

४७. कृषि तथा पशुपन्छीमा देखिने महामारी आकस्मिक रोग नियन्त्रणका लागि कृषि तथा पशु स्वास्थ्य शिविर कार्यक्रम सञ्चालनमा ल्याईनेछ।

४८. जडीवुटी खेती गर्ने कृषकहरुलाई प्रोत्साहित गर्न सरकारी, सहकारी तथा गैह्-सरकारी निकायहरुसँग समन्वय/सहकार्य गर्नुका साथै किसान सूचीकरण कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ।

४९. कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै वर्षै भरी सिँचाई सुविधा उपलब्ध गराउन साना तथा मध्यम एवंम वृहत सिँचाईकुलो निर्माण तथा जलश्रोतको संरक्षण र उपयोग बढाउदै निर्मित सिँचाई कुलोको मर्मत कार्य सञ्चालन गर्दै कृषि व्यवसायलाई आधुनिक प्रविधिमैत्री बनाउने उद्देश्यले आधुनिक कृषि उपकरण प्रयोगमा ल्याउनुका साथै हिमा २ ओदीका लागि उन्नत जातको लसुनको विउ वितरण गरी लसुन खेतीलाई आधुनिकीकरण गरिनेछ।



CamScanner

५०. उत्कृष्ट कृषक घोषणा कार्यक्रम अन्तर्गत गाउँपालिका भित्र सबै भन्दा बढी स्याउ उत्पादन गर्ने कृषकलाई प्रोत्साहनको व्यवस्था गरिनेछ।

५१. कृषि उपज वस्तुहरुको विक्रिवितरण एवंम बजारीकरणका लागि कृषि उपजको समर्थन मूल्य तोक्ने, बजार पहुँच विस्तार गर्ने र कृषि विमा तथा जोखिम न्यूनीकरण कृषि तथा पशुपन्छी बिमामा कृषकहरुको पहुँच बढाईनेछ।

५२. यस गाउँपालिकामा गठन भई सञ्चालनमा आएका सक्रिय सहकारी संस्थाहरुलाई कार्य प्रगतिको आधारमा प्रोत्साहित गरिनेछ।

५३. युवाहरुलाई वैदेशिक रोजगारिमा जानबाट निरुत्साहित गर्न परम्परागत तथा रैथाने खेतीमा टेवा पुऱ्याउने कार्यक्रम सञ्चालन गर्ने नीति ल्याइनेछ।

***सभाध्यक्ष महोदय,***

***गाउँसभा सदस्यज्यूहरु,***

५४. जनताका आधारभूत आवश्यकता पुरा गर्न तथा विकास प्रक्रियालाई निरन्तरता दिन आन्तरिक श्रोतको दायरा फराकिलो गरी करको दायराभित्र समावेश हुन नसकेका पक्षहरुलाई करको दायरामा ल्याउने र आ.व. २०७५/०७६ को श्रावण १ गते देखि लागु भएको *सम्पत्ती तथा मालपोत कर प्रणालीको सट्टा SUTRA प्रणालीबाटै कर संकलनको व्यवस्था मिलाईनेछ।*

५५. करको दायरालाई फराकिलो बनाउदै विभिन्न करका श्रोतहरुको खोजी कार्यलाई उच्च प्राथमिकता दिदै कर संकलनमा वडाको क्षमता अभिवृद्धि गर्ने र बढी कर संकलन गर्ने वडा कार्यालयलाई सम्मान गर्ने कार्यक्रमको व्यवस्था मिलाइनेछ।

५६. शून्य बेरुजु रहेका, LGPAS मा उत्कृष्ट अंक ल्याएका, प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रतिबेदन अनुसार उत्कृष्ट पालिकाको असल अभ्यास शिक्षण/अनूकरण आदानप्रदान कार्यक्रममा जनप्रतनिधि/कर्मचारीहरुलाई अध्ययन,भ्रमण,अवलोकन गर्ने व्यवस्था मिलाइनेछ।

५७. स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन प्रणाली (LGPAS) का सूचकहरुको उद्देश्य पुरा गर्नको लागि जनप्रतिनिधि र कर्मचारीहरुलाइ क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

५८. उपभोक्ता समितिमा रहेका पदाधिकारीहरुको क्षमता अभिबृद्धि कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५९. आगामी आर्थिक बर्ष देखि पालिकाबाटै PAN Number वितरण गर्नको लागि आवश्यक प्रबन्ध मिलाईनेछ।

६०. आगामी आ.ब. २०८३/०८४ लाई बेरुजु फर्छ्यौट बर्षकोरुपमा मनाइनेछ।

६१. कर्मचारीको कार्य सम्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई थप सुदृढ, वस्तुनिष्ट, यथार्थपरक बनाई क्षमता विकास तथा व्यवसायिक दक्षता अभिबृद्धिमा जोड दिईनेछ।

६२. नागरिक सेवामा ईमान्दारीताका साथ कार्य सञ्चालन गर्ने शिक्षक, निजामती, तथा अन्य कर्मचारीको मनोवल बृद्धिका लागि उत्कृष्ट कर्मचारी/शिक्षकलाई पुरस्कृत गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।

६३. सुशासन तथा सूचनाको हकलाई प्रभावकारी बनाउन संचारका साधनहरुको अधिकतम प्रयोग गर्ने र सेवा प्रवाहलाई छिटो छरितो, सरल, सहज, निश्पक्ष, पारदर्शी, चुस्तदुरुस्त बनाउदै नागरिक प्रति जवाफदेही हुन पत्रकार सम्मेलन, सार्वजनिक सुनुवाई, घुम्तीसेवा लगायतका कार्यहरु कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

६४. सेवा प्रवाह छिटो छरितो पारदर्शी बनाउनुका साथै नागरिकहरुको जनगुनासो सुनुवाईको लागि गुनासो डेक्सको व्यवस्था गरिनेछ।

६५. डिजिटल सेवा प्रणाली सम्बन्धी सम्पूर्ण कार्यलाई क्रमशः डिजिटलाइजेसन गर्दै कार्यान्वयनमा ल्याईनेछ।

६६. विपद् व्यवस्थापन कोषलाई मजबुत बनाउदै विपद्जन्य कार्यविधि,रणनीति,मार्गनिर्देशन अनुरुप विपद्का विभिन्न कार्य तथा क्रियाकलापहरु लाई थप प्रभावकारी ढंगले सञ्चालन गरिनेछन।

६७. कृषि उद्यमशिलतामा युवा तथा महिलाहरुको सहभागिता बढाइनेछ।

६८. उपाध्यक्षसँग गाउँपालिकाका सबै वडाका वस्तीहरुका नागरिकहरु दलित, स्वयंसेविका, बालबालिका, गर्भवती तथा सुत्केरी महिला तथा अपाङ्गता व्यक्तिहरुलाई आत्मनिर्भर बनाउने उदेश्यका साथ सीप मुलक तालिमको व्यवस्था गरी जिविकोपार्जनमा सहजीकरण ल्याउने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६९. घरेलु, महिला र बालहिंसा न्युनीकरणका लागि सरकारी तथा गैह्र सरकारी निकायहरुसँगको समन्वयमा तालिम/गोष्ठि सञ्चालन गर्ने साथै हिंसा पिडीतका लागि पुर्नउत्थान कार्यक्रम र पुर्नस्थापना कोष स्थापना गरी सञ्चालनमा ल्याईनेछ।

७०. बाल विवाह र बहुविवाह गरेको भेटिएमा नियमानुसार दण्ड जरिवाना गर्ने नीति अवलम्बन गरिनेछ।

७१. वडाहरुमा विभिन्न गैह्र-सरकारी संस्था र स्थानीयहरुको समन्वय सहकार्यमा बाल विवाह मुक्त गाउँपालिका घोषणा पश्चात अनुगमन, नियमन गर्दै सचेतना तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।



CamScanner

७२. बालमैत्री स्थानीय तह र बालश्रममुक्त पालिका घोषणाका लागि तथ्याङ्क संकलन गरी पालिका घोषणा गरिनेछ।

७३. लैङ्गिक हिंसामा परेका महिलाहरुको उद्धार,सहत र पुर्नस्थापन कार्यक्रमलाई प्राथमिकता साथ सञ्चालन गरिनेछ।

७४. बाल क्लव,युवा क्लव, गठन तथा सञ्चालन कार्यविधि निर्माण गरी सुचीकृत प्रक्रियामा लैजाने व्यवस्था मिलाइनेछ।

७५. लैङ्गिक हिंसा लगायतका सामाजिक विकृती विसँगतीलाई न्यूनीकरण गर्नका लागि प्रत्येक वडा स्तरमा महिला पूरुष सचेतना कार्यक्रम, सासु बुहारी अन्तरपुस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

७६. यस आ.व.मा प्रत्येक वडा स्तरीय महिला समुह, किशोरी समुह, पालिकास्तरीय महिला सञ्जाल गठन र अभिलेखीकरण गरी, क्षमता अभिवृद्धि, नेतृत्व विकास तालिम सञ्चालन गर्नुका साथै समाजमा घट्ने गरेको विकृति विसंगती कुरीत कुसँस्कार विरुद्धमा सचेतना जगाउने जिम्मेवारी प्रदान गर्ने र उनीहरुको नेतृत्व विकासका कार्यक्रममा जोड दिइनेछ।

७७. महिला तथा बालबालिका शाखामा सम्वन्धित सबै खालका दिवसहरुलाई जोड दिई भव्यताका साथ मनाइनेछन। बाल दिवस, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अपाङ्गता दिवस, अन्तर्राष्ट्रिय महिला दिवस मनाइनेछन।

७८. GRB Cording सम्वन्धी जनप्रतिनिधि र विषयगत शाखा प्रमुखलाई अभिमुखीकरण तालिमको व्यवस्था गर्ने गाउँपालिकाले लैसअसास परिक्षण ( GEDSI Audit) गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

७९. जेष्ठ नागरिकको अधिकार संरक्षण गर्दै समाजमा उनीहरुको सम्मानजनक र सहज जीवनयापन सुनिश्चितताका लागि विषेश कार्यक्रम सञ्चालन गरिनेछ।



CamScanner

**सभाध्यक्ष महोदय,**

**गाउँसभा सदस्यज्यूहरु,**

८०. बाल संरक्षण मापदण्ड निर्माण गरी लागु गरिनेछ।

८१. मानव बेचविखन तथा ओसार पसार, लागु औषध दुर्व्यसनी कार्यक्रममा नेपाल प्रहरीसँग समन्वय गरी प्रत्येक वडामा सञ्चालन गरिने छ।

८२. बालकोष तथा लैङ्गिक हिँसा निवारण कोष सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक वजेटको व्यवस्थापन गरिनेछ।

८३. अपाङ्गता परिचय-पत्र वितरण सम्वन्धि स्थानीय समन्वय समितिका पदाधिकारी र बाल अधिकार समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण तालिम सञ्चालन गराईनेछ।

८४. अपाङ्गता भएका व्यक्तिको जीवनयापनमा सहजीकरणको लागि गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा राखी लक्षित कार्यक्रम सञ्चालन गर्ने साथै परिचय पत्र वितरणको लागि वर्षमा एक पटक घुम्ती शिविर राखिने छ।

८५. प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकारको सुनिश्चितता गर्दै नागरिकका हक अधिकारको रक्षा गर्नु राज्यको दायित्व हो यसका लागि गाउँपालिकाले मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनका लागि कार्यक्रम सञ्चालन गरी प्रतिवेदन पेश गर्नेछ।

८६. मर्यादित महिनावारी व्यवस्थापनको लागि सुनौ महिनावारीको कुरा बहस कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८७. ढल व्यवस्थापन तथा फोहोर पानी प्रशोधन प्रणाली विकास गरी खुला दिसा मुक्त अवस्थाको दिगोपना कायम गर्दै हिलो मुक्त पालिका घोषणा गरिनेछ।

८८. विभिन्न साझेदारी निकायहरुसँग लागत साझेदारीमा खानेपानी, स्वच्छता र सरसफाई सम्वन्धी आयोजनाका कार्यक्रमहरु सञ्चालन गरिनेछन।

८९. पिउने पानीमा सहज पहुँच शुद्धता र स्वच्छता भन्ने मूल नाराका साथ आगामी वर्ष लाई खानेपानी तथा सरसफाई वर्षकारुपमा मनाउदै हिमा गाउँपालिका लाई पूर्ण खानेपानी पहुँच यूक्त पालिका घोषणा गरिनेछ।

९०. नाग्म गमगढी राजमार्ग सँग जोडिएका बजार क्षेत्रमा घर निर्माण गर्दा नक्सा पास कार्यलाई अनिवार्य गरिने व्यवस्था मिलाईनेछ।



CamScanner

९१. गाउँपालिकाका सम्पूर्ण मठ, मन्दीर, देवालय, चर्च, रुपीछडा झरना र प्राकृतिक सास्कृतिक सम्पदाको पहिचानलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा ब्यापक प्रचार प्रसार गरी पर्यटकीय क्षेत्रकारुपमा विकास गर्नुका साथै स्थानीय लोक संस्कृती जगेर्ना गर्न उपाध्यक्षसँग लोक संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

९२. ७ वटै वडा र गाउँवस्तीहरुमा न्यायिक समिति मार्फत न्यायनिरुपण र मेलमिलापका कार्यहरु लाई निरन्तरता दिइनेछ।

९३. राष्ट्रिय रोजगार तथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा, दलित, महिला तथा सिमान्तकृत वर्ग लाई प्राथमिकता दिइ रोजगारी प्रदान गरिनेछ।

९४. टुक्रे योजनाहरुलाई निरुत्साहित गरी बढी भन्दा वढी जनसहभागीता जुट्ने र स्थानीय श्रोत साधन परिचालन गर्न सकिने योजना छनौट गर्नुका साथै जनताको आवश्कता अनुसारका योजना सञ्चालनमा प्राथमिकता दिईनेछ।

९५. यस वर्ष राष्ट्रिय विद्युत प्रसारण लाईन गाउँपालिकाका विभिन्न वस्तीहरुमा यथासिघ्र सञ्चालनमा ल्याइनेछ उज्यालो हिमा, सुन्दर हिमा कार्यक्रमलाई अगाडी बढाइनेछ।

९६. नयाँ सडक निर्माण कार्यलाई निरुत्साहित गरी निर्माण भएका कच्ची सडक लाई स्तरोन्नती गर्नका लागि सङ्घीय सरकार, प्रदेश सरकार तथा गैह्रसरकारी संघ संस्थाहरुसँग समन्वय गरी स्तरोन्ती गरिनेछ साथै अधुरा योजना /आयोजना सम्पन्न गर्न विशेष पहल गरिनेछ।

९७. भू-क्षयबाट जन, धन र जमिन बचाउन भू-संरक्षण कार्यक्रम लागू गरिनेछ।

९८. जोखिममा रहेका वस्तीहरुलाई स्थानान्तरण गर्न सङ्घीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी जोखिमयुक्त बस्तीहरु स्थानान्तरण गर्न पहल गरिनेछ।

९९. हिमा गाउँपालिकाबाट सञ्चालन हुन नसक्ने वृहत आयोजनाहरुको छनौट गरी सङ्घीय र प्रदेश सरकार सँग आयोजना सञ्चालनका लागि DPR तयार गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

१००. उपलब्ध साधन, श्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरी वेरोजगार युवाहरुलाई उत्पादनशिल कार्यमा जोडी शीघ्र आर्थिक पुनरुत्थान गर्दै विकासको गतिलाई निरन्तरता दिईनेछ।

१०१. श्रमको सम्मान गर्दै सामाजिक सुरक्षा र आदर्श श्रम सम्वन्धको माध्यमबाट श्रमको उत्पादकत्व अभिबृद्धि गर्दै तालिम सञ्चालनको लागि ज्ञान केन्द्रको स्थापना गरी सवै गाउँपालिका वासीलाई काम र रोजगारीको अवसर सृजना गर्न, सीपमूलक तालिमहरु सञ्चालन गरी रोजगारी श्रृजना गर्न आवश्यक पहल गरिनेछ।



CamScanner

१०२. विभिन्न क्षेत्रमा उल्लेखनीय कार्य गर्ने व्यक्तिहरुलाई पुरस्कृत गर्नकालागि अक्षयकोष स्थापना गरिनेछ।

१०३. हिमा गाउँपालिकाका सम्पूर्ण बुद्धिजिवी, शिक्षक, कर्मचारी र राजनीतिक प्रबुद्ध व्यक्तिहरुसँग विभिन्न विषयहरुमा राय, सल्लाह, सुझाव लिने कार्यलाई निरन्तरता दिईनेछ।

१०४. मर्मत सम्भार कोषको स्थापना गरी सञ्चालनमा ल्याईनेछ।

१०५. सङ्घ र प्रदेशवाट प्राप्त योजनाहरु प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछन्।

१०६. गैह सरकारी संस्था तथा दातृनिकायहरुलाई एकद्धार प्रणाली मार्फत सञ्चालन गर्न NGO Desk लाई प्रभावकारी बनाउने कार्यक्रम लाई निरन्तरता दिइनेछ।

१०७. दलित लक्षित कार्यक्रम प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याईनेछ।

१०८. उद्यमशिलता विकास, लघु तथा घरेलु उद्योग विकासको लागि स्थानीय श्रोत, साधन सीप अनुकूल, स्टार्टअप नव उद्यमलाई प्रवर्द्धन गर्न व्यवसायको सम्वर्धन र उद्यमीहरुको द्रुतीकरण गर्दै वित्त र प्रविधिमा पहुँच, बजार विस्तार र आम्दानी वृद्धि गरिनेछ। साथै कार्यक्रम सञ्चालन गर्नका लागि यस गाउँपालिकामा लागु भएका NGO/INGO सँग लागत साझेदारी तथा सहकार्य गर्ने व्यवस्था मिलाईनेछ।

१०९. हिमा गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत विद्यालय सहायक कर्मचारी, बालविकास सहजकर्ता, विद्यालय सहयोगी र सामुदायिक सिकाई केन्द्रमा कार्यरत परिचालिकाहरुको सेवा सुविधा थप गर्नुका साथै सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ।

११०. हिमा गाउँपालिकामा सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक हरुलाई मनोवैज्ञानिक तथा उत्प्रेणा सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछन।

१११. युवा तथा विद्यार्थीहरुलाई विभिन्न खेलकुदमा सहभागी गराउदै खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ, साथै पालिका स्तरमा विभिन्न खेलकुदका गतिविधिहरु सञ्चालन गरिनेछन।



CamScanner

**सभाध्यक्ष महोदय,**

**गाउँसभा सदस्यज्यूहरु,**

अब म चालु आ.व. ०८१/०८२ को यथार्थ खर्च र ०८२।०८३ को जेष्ठ सम्मको यथार्थ आम्दानी आ.व. ०८३।०८४, ०८४।०८५ र ०८५।०८६ को आय व्यायको अनुमान यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु। गत आ.ब. र चालु आ.ब.को हाल सम्मको यथार्थ खर्च, आ.व. ०८३।०८४, ०८४/०८५ र ०८५/०८६ का लागि प्रस्तावित बजेटको विवरण यस प्रकार छ।

रु. हजारमा

| क्र.सं. | बजेटका श्रोतहरु | आ.ब.०८१/०८२ को यथार्थ | आ.ब.०८२।०८३ को जेष्ठ मसान्त सम्मको यथार्थ | आगामी तिन आ.ब.को प्रक्षेपण | | | तिन आ.ब.को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | ०८३/०८४ | ०८४/०८५ | ०८५।०८६ | |
| १ | सङ्घीय सरकार वित्तिय समानिकरण | ७७८१२ | ६१३४४ | ८८२०० | ८९००० | ८९५०० | २६६७०० |
| २ | सङ्घीय सरकार सशर्त अनुदान | १७७०५१ | १७३१२३ | १६९१०० | १७०१०० | १७०८१५ | ५१००१५ |
| ४ | सङ्घीय सरकार राजश्व बाँडफाँट | ६३२३५ | ७३२३० | ८०६५१ | ८०८५३ | ८०९०५ | २४२४०१ |
| ५ | सङ्घीय सरकार विशेष अनुदान | ४१८२ | १०५०० | ९७०० | १०००० | १००५० | २९७५० |
| ६ | सङ्घीय सरकार समपुरक अनुदान | ० | १३०६ | १३८०० | १३८५० | १५८०३ | ४३४५३ |
| ७ | प्रदेश सरकार वित्तिय समानिकरण | ९१३४ | १०७९५ | ११३४२ | ११५०० | १२२०० | ३५०४२ |
| ८ | प्रदेश सरकार सशर्त अनुदान | ११९७५ | १७५१३ | १६६१३ | १६८६५ | १६९७० | ५०४४८ |
| ९ | प्रदेश सरकार राजश्व बाँडफाँट | ६१२ | ५०० | १२६० | १३०० | १३५० | ३९१० |
| १० | प्रदेश सरकार विशेष अनुदान | ० | ० | ७५०० | ८००० | ८०७५ | २३५७५ |
| ११ | प्रदेश सरकार समपुरक अनुदान | ५७१० | १६२० | १२००० | १३५०० | १३८९० | ३९३९० |
| १२ | गाउँपालिकाको आन्तरीक राजश्व | २६४३ | २३०५ | २८०० | ३१५० | ३२३५ | ९१८५ |
| १३ | गाउँपालिकाको आन्तरिक श्रोत | ० | १००७० | १५००० | १५००० | १५००० | ४५००० |
| जम्मा | | ३६००५४ | ३५२२३६ | ४२७९६६ | ४३३११८ | ४३७७९३ | १२९८८७७ |



CamScanner